# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ ८ गते २०३० साल

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

नेपाल अधिराज्यबाट मालसामान निकासी गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने व्यापारिक फर्महरूले आफूले पाएको बोनसबाट देहायका मालवस्तुहरू देहायबमोजिम पैठारी गर्न पाउने गरी नियन्त्रण गरिएको छ :–

१. कमसेकम २५ प्रतिशत पैठारी गर्न पर्ने वस्तुहरू:–

(क) विकासको निमित्त चाहिने वस्तुहरू:–

फलाम, सिमेण्ट, रूफिंग सिट्स, प्लेन सिट्स, पाइप (सबै किसिमको), डण्डी, ट्रान्सफरमर, निर्माणको सामग्रीहरू, बिजुलिको मोटर, सडक बनाउन चाहिने मेशिन र त्यसको पार्टपूर्जाहरू ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उद्योगको निमित्त चाहिने वस्तुहरू:-

मेशिनरी, टूल्स र तिनका पार्टपूर्जाहरू, घरेलु उद्योगका मेशिन तथा औजारहरू, सूती, उनी धागो, तामा, पित्तल, ढलोट, राँग, टिन, बिलेट, कपास, आल्मुनियम, पिस आइरन, न्यूज प्रिण्ट पेपर र अन्य औद्योगिक पदार्थ, केमिकल्स तथा औद्योगिक सामग्रीहरू, औद्योगिक हार्डवेयर, वेल्डीङ्ग र सोल्डरिङ्ग उपकरणहरू, ट्यानिंग मेटेरियल्स, प्याराफिन वाक्स।

(ग) कृषिसम्बन्धी वस्तुहरू:-

कृषिको लागि चाहिने मेशिन, पानी तान्ने पम्प र अन्य मालसामानहरू (कृषि औजार कारखानाले तयार गरेको बाहेक), बीज, मल, खाद, ट्राक्टर, हाते मेशिन, स्प्रेयर, डष्टर तथा तिनका पार्टपूर्जाहरू र यस्तै कृषि विकासको लागि आवश्यक पर्ने अन्य मालसामानहरू।

(घ) यातायातको लागि चाहिने मालसामानहरू:-

बस, ट्रक, र जीपका टायर-ट्यूब फ्लाप्स तथा पार्टपूर्जाहरू (१० प्रतिशतसम्म) बस, ट्रक, जीप, डम्फर, कण्टेनर, तेल, इन्धन राख्ने ट्यांक, पेट्रोल, मोबिल, डिजेल र यस्तै तेल पदार्थहरू।

(ङ) आवश्यक उपभोग्य वस्तुहरू:-

सार्वजनिक रूपमा सूचना प्रकाशित गरी वाणिज्य विभागले तोकिदिएका आवश्यक उपभोग्य वस्तुहरूमध्ये आपूर्ति कम परिमाणमा भई रहेको कुनै वस्तुहरू।

२. ५० प्रतिशतसम्म पैठारी गर्न पाइने वस्तुहरू:-

विभिन्न किसिमका कपडा, कम्बल, स्वेटर, चिनी, दूध र दूधबाट बनेका वस्तुहरू, बिस्कुट, कन्फेक्सनरी र फ्लोरिङ्ग र फर्निसिंगका सामानहरू, साबुन, एनर्जिफूड जस्तै-हर्लिक्स, इलेक्ट्रीकलगुड्स, सिउने कल र त्यसका पार्टपूर्जाहरू (सियो बाहेक), त्रिपाल, टेलिफोन सेट्स, प्लाष्टिक सिट्स, प्लाष्टिक लामिनेटेड् सिट्स, डाइज र कलर, पेन्ट र वार्निश, ग्लास सिट्स, रेफ्रिजिरेटर ग्ल्यू।

३. २५ प्रतिशतसम्म पैठारी गर्न पाइने वस्तुहरू:-

मोटर कार, मोटर साइकल, मिनिबस र त्यसका टायर-ट्यूब फ्लाप्स र पार्टपूर्जाहरू (१० प्रतिशतसम्म), अफिस इक्युपमेण्ट, स्टेशनरी गुड्स, रूम कन्डिसनर, सिउने कलको सियो, तयारी पोशाक, पोते, नेलकटर, काँचको सामान (ग्लास

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वेयर), टूथ ब्रुस, टूथ-पेष्ट, होजियरी गुड्स, कटलरी, हार्ड वेयर, खेलकूदका सामान, तास (अश्लील बाहेक), लाइटर, ग्यास लाइटर र ग्यास, लाइटर पत्थर (५ प्रतिशतसम्म), तयारी औषधी (पेटेण्ट मेडिसिन), मेडिकल इन्स्ट्रुमेण्ट, चिरफारका सामानहरू, थर्मामिटर, एक्सरे प्लेट, बल वेरिंग (५ प्रतिशतसम्म), प्लाष्टिकका सामान, इमिटेशन ज्वेलरी, सूती, रेशमी, उनी बुट्टा भर्ने धागो, स्टाएपिंग फ्वाइल, सुक्खा फलफूल, मसला, रेडियो, रेडियोग्राम, रेकर्ड प्लेयर, ट्रान्जीष्टर, ग्रामोफोन, टेपरिकर्डर, क्यासेट रिकर्डर र टेप, क्यामेरा मुभि समेत, फोटोग्राफिक गुड्स, अप्टिकल गुड्स, कस्मेटिक गुड्स, ट्वाइलेट गुड्स, मदिरा, घडी (सबै किसिमको) र घडी बैण्ड, रेजर र रेजर ब्लेड्स, जिप फास्टनर, नोबेल्टी गुड्स, खेलौना, लगेज र ब्रिफकेश, छाता, लेडिज पर्स, ओपेरा ग्लास, सिन्थेटिकस्टोन, सेमि प्रेसियस स्टोन, अलबम, चक्कू, काँगियो, फर्निचरहरू, मेजरिंग र टेस्टिंग इक्यूपमेण्ट (५ प्रतिशतसम्म) ड्राइ ब्याट्री, स्टोरेज ब्याट्री र तिनका प्लेटहरू, छाता बनाउने मालसामान, मिक्सचर ब्लेण्डर, टोस्टर, चप्पल, सितारा, बाथरूमका सामानहरू, वाटर फिल्टर, वाटर क्याण्डल, कम्बर ,पेटी, पोलिसिलिनका भाँडाहरू, टाइपिन, कर्फ्लिंक नरीवलको तेल, काष्टिक सोडा ।

४. मिति २०२९।९।२५ को नेपाल राजपत्रमा प्रकाशित यससम्बन्धी सूचना खारेज गरिएको छ ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।